अनुसची: २

–दफा ४ तथा अनुसूची)१ को भाग–१ सँग सम्बन्धित(

# स्थानीय राजपत्र

खण्ड : ३, जुम्ला, कर्णाली प्रदेश,   संख्या : ६, मिति: श्रावण १ गते, २०७८ साल

तिला गाउँपालिका जुम्लाद्वारा प्रकाशित

भाग–१

तिला गाउँपालिका

गाउँ कार्यपालिकाको सूचना

## तिला गाउँपालिकाको जलचर एवं जलीय जैबिक विविधता संरक्षण ऐन, २०७७

सभाबाट पारित मिति: २०७७/०३/१९

प्रस्तावनाः

तिला गाउँपालिका क्षेत्र भित्रको नदी, ताल तलैया, सीमसार, जलचर, जलीय जैविक विविधताको संरक्षण गर्न, जलचर एवं जलीय जैविक विविधताको संरक्षण तथा दिगो उपयोग गर्न, जलस्रोत तथा जलचरमा आश्रित समुदाय बीचको अध्यात्मिक तथा साँस्कृतिक अन्तर सम्बन्ध तथा अन्तर निर्भरता समेत सुदृढ गर्न तथा जलचरमा आधारित जीविकोपार्जनक्रोप्रबद्विधन तथा व्यवस्थापन गरी आम नागरिकको सुविधा र आर्थिक हितको सम्बर्धनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

तिला गाउँपालिकाको गाउँसभाले नेपालको संविधानको धारा २२६ बमोजिम यो ऐन बनाएको छ ।

## परिच्छेद १

### प्रारम्भिक १.

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " तिला गाउँपालिकाको जलचर एवं जलीय जैविक विविधता संरक्षण ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "औजार" भन्नाले जलचरलाई समाउन, पक्रन, मार्न वा संकलन गर्न प्रयोग हुने सबै किसिमका औजार, उपकरण, साधन वा सामग्री, विष्फोटक पदार्थ तथा माहाजाल, करेन्ट जाल, बल्छी, साधारण जाल, खुकुरी, भाला, दुवालो थुत्रे, पहाई टेक्ने, लुकाई मार्ने, तिर कोत्ने, घन र मेशीन समेत सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले तिला गाउँपालिकाकोकार्यालय सम्झनुपर्छ ।

(ग) "कोष" भन्नाले यस ऐनको दफा १८ बमोजिम स्थापना भएको सामुदायिक जलचर संरक्षण समूहका कोष सम्झनु पर्छ ।

(घ) "जलचारमा आश्रित समुदाय" भन्नाले नदीनाला ताल, तलैया, सिमसारमा रहेका जलचरमा आंशिक वा पूर्ण रुपमा आधारित भई जीविकोपार्जन गर्ने समुदाय सम्झनु पर्छ।

(ङ) "जलस्रोत" भन्नाले ताल, दह, पोखरी, खोला, नदी, खोलानाला, नहर, कूलो, तलाउ, मूल, प्राकृतिक वा कृत्रिम जलाशय, सिमसार, मत्स्य पालनका लागि जडान भएको पिंजडा (कज) तथा माछा पालन गरेको धान खेतको पानी र तिनीहरुको स्रोत समेत सम्झनु पर्छ।

(च) "जलचर" भन्नाले जलभित्र बस्ने जुनसुकै जीव सम्झनुपर्छ ।

(छ) "जलीय जीव" भन्नाले जलभित्र रहने वा पाईने जुनसुकै वनस्पति सम्झनु पर्छ ।

(ज) "जलचर संकलन" भन्नाले जलभित्र बस्ने जुनसुकै जीव समाउन, पक्रन, मार्न वा संकलन गर्ने कार्य सम्झनुपर्छ ।

(झ) "जलीय जैविक विविधता" भन्नाले नदी र सिमसार वा तालमा रहने जीवहरुको भिन्नता, प्रकार र जम्मा संख्या तथा तिनीहरु बीचको अन्तरसम्वन्ध एवं प्राणी, वनस्पति तथा सुक्ष्म जीवाणुहरुमा पाइने विविधता र तिनीहरुको संयोजनलाई सम्झनु पर्छ र सो शब्दले आनुवंशिक विविधता (जेनेटिक डाइभर्सिटी), जातीय वा प्रजातीय वा प्रजातिगत (भेराइटल स्पेसिस) विविधता र पारिस्थितिक प्रणालीको विविधता (इकोसिष्टम डाइभर्सिटी) समेतलाई जनाउँछ ।

(ञ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।



(ट) "दिगो उपयोग" भन्नाले जलचर र जलीय जैविक विविधता एवं जलीय जैविक विविधताका अवयवहरुको उपयोगबाट जलचर र जलीय जैविक विविधता तथा जलीय जैविक विविधताका अवयवहरु दीर्घकालिन रुपमा नघट्नेर पूर्ववत अवस्थामा रहन सक्ने तथा दीर्घकालीन रुपमा संचिति कायम गर्न सक्ने सीमाभित्र रहनेगरी गरिएको सदुपयोग सम्झनु पर्छ ।

(ठ) "गाउँपालिका" भन्नाले तिला गाउँपालिका सम्झनु पर्छ ।

(ड) "अध्यक्ष" भन्नाले तिला गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ढ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले तिला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(ण) "मत्स्य भ्रयाङ (फीस ल्याडर)" भन्नाले जलचरको आवागमनकोलागि नदी वा तालमा राखिएको वैकल्पिक बाटो सम्झनु पर्छ ।

(त) "मिचाहा प्रजाति" भन्नाले जलीय वनस्पति वा जलचरको कुनै त्यस्तो प्रजाती जुन स्थान विषेश वा पारिस्थितिकीय प्रणालीको रैथाने प्रजाती नभई, तिव्र प्रजनन्त्र छिटो फैलन सक्ने क्षमता र गुणको कारणले आफ्नो प्राकृतिक बिगत वा हालको बसस्थान भन्दा बाहिरको स्थान विषेश वा पारिस्थितिक प्रणालीमा स्थापित भै जैविक विविधता, वातावरण, आर्थिक कृयाकलाप र मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्ने वा पार्न सक्ने प्रजाती सम्झनु पर्छ ।

(थ) "लाभको समन्यायिक वितरण" भन्नाले सामुदायिक नदी वा तालको संरक्षण, व्यवस्थापन, दिगो उपयोग तथा माछा तथा अन्य जलचरको विक्रीवितरण, पर्यापर्यटन जस्ता माध्यमबाट प्राप्त लाभको महिला, दलित, आदिवासी जनजाति तथा बिपन्न सदस्यलाई समन्यायिक रुपमा वितरण गरिने लाभ सम्झनु पर्छ ।

(द) "वडा" भन्नाले तिला गाउँपालिकाको वडा सम्झनु पर्छ ।

(ध) "विधान" भन्नाले सामुदायिक जलचर संरक्षण समूहको विधान सम्झनु पर्छ ।

(न) "समिति" भन्नाले यस ऐनको दफा १५ बमोजिम गठन भएको सामुदायिक जलचर संरक्षण समूहको कार्य समिति सम्झनु पर्छ ।

(प) "सभा" भन्नाले तिला गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ ।

(फ) "समूह" भन्नाले सामुदायिक नदी वा तालको संरक्षण, व्यवस्थापन तथा दीगो उपयोग र सोबाट प्राप्त लाभको समन्यायिक बाँडफाँट गर्न दफा १५ बमोजिम दर्ता भएको समूह सम्झनु पर्छ ।

(ब) "सामुदायिक नदी" भन्नाले सामूहिक हितको लागि नदी, वा खोलानालाको विकास, संरक्षण र दिगो उपयोग गर्न दफा १३ बमोजिम समुदायलाई तिला गाउँपालिकाले सुम्पिएको वा हस्तान्तरण गरेको नदी, र खोलानाला सम्झनु पर्छ ।

(भ) "सामुदायिक ताल" भन्नाले सामूहिक हक हितको लागि ताल, तलैया, पोखरी, दह वा सीमसारको विकास, संरक्षण र उपयोग गर्न दफा १३ बमोजिम समुदायलाई सुम्पिएको ताल, तलैया, पोखरी, दह र सीमसार सम्झनु पर्छ ।

(म) "सामुदायिक जलचर संरक्षण समूह" भन्नाले सामुदायिक नदी, खोलानाला, वा ताल, सिमसारको संरक्षण, व्यवस्थापन तथा दिगो उपयोग र सोबाट प्राप्त लाभको समन्यायिक बाँडफाँट गर्न दफा १५ बमोजिम दर्ता भएको समूह सम्झनु पर्छ ।

## परिच्छेद २

## जलचर संरक्षण सम्बन्धी व्यवस्था

३. **जथाभावी तरिकाले जलचर समाउन वा मार्न नहुने:** (१) कुनै व्यक्तिले कुनै पनि जलचरलाई समाउने वा मार्ने अभिप्रायले नदी वा तालमा कुनै किसिमको विद्युतीय धार (करेण्ट), विष्फोटक पदार्थ वा विषालु पदार्थको प्रयोग गर्न वा गर्न लगाउन हुँदैन ।

(२) जलचर समाउने वा मार्ने अभिप्रायले तिला नदीमा जालको प्रयोग गर्दा जालको आँखाको आकार (साइज) तीन दशमलव पाँच सेन्टिमिटर (पैतिश मिलिमिटर) भन्दा सानो प्वाल भएको र सात दशमलव पाँच सेन्टिमिटर (पचहत्तर मिलिमिटर) र सो भन्दा ठूलो प्वाल को जाल, माहाजाल, र करेण्ट जाल (गिल नेट) प्रयोग गर्न हुंदैन ।

(३) तिला नदी बाहेक अन्य नदी खोला वा नालामा जलचर समाउने वा मार्ने अभिप्रायले जालको प्रयोग गर्दा जालको आँखाका आकार (साइज) एकदशमलव पाँच सेन्टिमिटर (पन्ध्र मिलिमिटर) भन्दा सानो आँखाको आकार (साइज) र सात दशमलव पाँच सेन्टिमिटर (पचहत्तर मिलिमिटर) वा सो भन्दा ठूलो आँखाको आकार (साइज) भएको जाल, महाजाल, र करेण्ट जाल (गिल नेट) प्रयोग गर्न हुंदैन ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि टापी, हेल्का, खोँघीया, ढडिया, हवाला, बटुका थाप्ने जस्ता परम्परागत रुपमा प्रयोगमा आएका साधन वा सामग्री प्रयोग गरी माछा सामाले वा मार्न सकिने छ ।

(५) जलचर समाउनका लागि घन हान्ने, दुवाली बुज्ने, दुवाली थुन्ने , पटेलो थाप्ने जस्ता तरीका वा माध्यम प्रयोग गर्दा माछाका भूरा र भाँउ माछा समेत सबै साईजका माछा र अन्य जलचर मर्न सक्ने गरी वा तिनमा क्षति हुने गरी प्रयोग गर्नु हुँदैन तथा रात्रीको समयमा माछा समात वा मार्न हुदैन ।

(६) उपदफा (२) र (३) को प्रयोजनका लागि गाउँपालिकाले कुन नदीनाला, ताल, तलैया वा सीमसार क्षेत्रमा कुन कुन प्रजातिका के कस्ता माछा र अन्य जलचर रहेका छन्भनी वैज्ञानिक तरिकाले अभिलेख तयार गर्नु पर्ने छ ।

४. **पैठारी वा खरिद र बिक्रीमा प्रतिबन्धः** कसैले पनि जलचर समात वा मार्नका लागि बिषालु पदार्थ, विषादी, ब्याट्री, जालको आँखाको साइज एक दशमलव पाँच सेन्टिमिटर (पन्ध्र मिलिमिटर) भन्दा सानो प्वाल भएको र सात दशमलव पाँच सेन्टिमिटर (पचहत्तर मिलिमिटर) वा सो भन्दा ठूलो आँखाको साइज भएकोजाल, महाजाल, र करेण्ट जाल पैठारी वा खरिद बिक्री गर्नु हुँदैन ।



५. **जलचर सम्बन्धी अन्य व्यवस्था** (१) विद्युते, खानेपानी, सिंचाई वा अन्य कुनै प्रयोजनको लागि बाँध निर्माण गर्ने निकायले जलचरको आवागमनमा बाधा पर्न नदिनको लागि सम्भव भएसम्म मत्स्य भऱ्याङ (फीस ल्याडर) निर्माण गर्नु पर्ने छ । मत्स्य भऱ्याङ निर्माण गर्न वैज्ञानिक वा प्राविधिक रुपमा सम्भव नहुने भएमा त्यस्तो ठाउँमा वा आसपासको क्षेत्रमा जलचरको कृत्रिम प्रजनन गराउनको निमित्त जलचर ह्याचरी तथा जलचर नर्सरीको व्यवस्था गर्नु पर्ने छ ।

(२) उपदफा (१) बमोजिमको निर्माण कार्य गर्दा गाउँपालिकालाई पूर्व जानकारी दिनु पर्ने छ ।

(३) उपदफा (१) बमोजिमको बाँध निर्माण र सञ्चालन गर्दा तल्लो तटको जैविक विविधतता र सामाजिक, सांस्कृतिक तथा आर्थिक क्रियाकलापलाई आघात वा क्षति पुग्न नदिन सुख्खा याममा नदी वा तालकोन्यूनतम प्रवाहको कम्तिमा पन्ध्रदेखि पच्चिस प्रतिशत न्यूनतम वातावरणीय वहाव (इनभायरोमेन्टल फ्लो) सुनिश्चत गर्नु पर्ने छ ।

६. **मत्स्य भऱ्याङ तथा संरचनाका ढोका थुन्न वा भत्काउन नहुने:** अधिकार प्राप्त व्यक्ति बाहेक अरु कसैले पनि जलचरको संरक्षणको लागि नदी वा तालमा राखिएका मत्स्य भऱ्याङ, बाँध तथा अन्य कुनै किसिमको संरचनाको ढोकालाई थुन्न वा भत्काउन हुँदैन ।

७. **नदी र ताल प्रदुषित गराउन नपाइने:** कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा उत्पन्न हुने फोहरमैला यथाशक्य कम निष्कासन गर्नु पर्ने छ र फोहरबाट निस्केको दुषित पानी (लिचेट) वा ढल बुंदी वा तालमा चुहावट वा उत्सर्जन गरी नदी वा ताल प्रदुषित गर्न गराउन हुदैन ।

८. **पालेको माछा, शंखे किरा, झिङ्गे माछा र अन्य जलचर नदी वा तालमा निष्कासन गर्न प्रतिबन्धः** (१) ताल तलैया पोखरीमा पालेको स्थानीय जातको वा अन्य मुलुकबाट आयातित माछा, झिङ्गे माछा, शंखे किरा, कछुवा लगायत अन्य जलचर नदी, खोलानाला वा सार्वजनिक ताल, तलैया, पोखरी, दह तथा सीमसारमा छाडन वा निष्कासन गर्नु हुँदैन ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "निष्कासन" भन्नाले माछा, झिङ्गे माछा, शंखे किरा, लगायत अन्य जलचर ल्याएर राख्नु, जम्मा गर्नु वा कुनै हिसावले वा तरिकाले फुल्किएर, फुत्काएर वा बगेर नदी वा तालमा जानु वा निष्कासन हुनु समेतलाई सम्झनु पर्छ ।

(२) कुनै ब्यक्ति, निकाय वा संघ संस्थाले माछा पालनका लागि पोखरी निर्माण गर्दा पोखरीको डील साधारणतया कम्तीमा पनि एक दशमलव पाँच मिटर अग्लो हुनु पर्ने छ ।

९. **कार्यपालिकाले आदेश जारी गर्न सक्ने:** (१) गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी तोकिएका स्थान, याम, रितु, महिना वा नदी वा तालमा गाउँपालिकाको इजाजत बेगर कुनै पनि व्यक्तिले जलचर समात, मार्न तथा चोट पुऱ्याउन नपाउने गरी आदेश जारी गर्न सक्नेछ ।

(२) गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी माछा तथा अन्य जलचरको संरक्षण सुनिश्चित गर्न नदी वा तालको पुरै वा आंशिक भाग वा कुनै क्षेत्रमा माछा र अन्य जलचर समाते, मार्ने, संकलन गर्ने वा क्षति हुन सक्ने क्रियाकलापमा प्रतिबन्ध लगाउन सक्ने एवं कुनै ताल वा नदी खोलानालाको त्यस्तो क्षेत्रलाई संरक्षित क्षेत्र घोषणा तथा कायम गर्न सक्ने छ ।

(३) गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी कुनै खास प्रजाति वा महत्वका जलीय स्तनधारी जीव, घस्ने प्राणी, ओत, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलीय वनस्पति र जलचरलाई संरक्षित तोक्न सक्नेछ र त्यस्ता संरक्षित जलीय स्तनधारी जीव, घस्ने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलीय वनस्पति र जलचर माछा र अन्य जलचर समात्न, मार्न तथा चोट पुऱ्याउन वा क्षति हुनसक्ने कुनैक्रियाकलाप गर्न निषेध गर्न सक्ने छ ।

(४) उपदफा (१), (२) र (३) बमोजिम प्रकाशित आदेशमा तोकिएका ठाउँका नदीनालामा रहेका सम्पूर्ण जलचरका सम्बन्धमा निर्णय गर्ने अधिकार गाउँपालिकामा रहनेछ ।

१०. **नागरिकको कर्तव्य तथा अधिकारः** (१) गाउँपालिका क्षेत्र भित्र स्थायी बसोबास गर्ने नेपाली नागरिकले यस ऐन वा यस ऐन अन्तरगत बनेको नियमावली बमोजिम निकालिएका आदेशको अधिनमा रही जलचर समात्न वा मार्न र जलीय जैविक विविधताका अवयवहरुको दिगो उपयोग गर्न अधिकार हुने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १३ बमोजिम समुदायलाई हस्तान्तरण गरिएको वा सुम्पिएको सामुदायिक नदी क्षेत्र बाहेक अन्य नदी, वा खोलानालामा गाउँपालिकाले शुल्क लिई अन्य नेपाली नागरीकलाई समेत यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम निकालिएका आदेशको अधिनमा रही जलचर समात्न वा मार्न वा जलीय जैविक विविधताका अवयवहरुको दिगो उपयोगको सुविधा प्रदान गर्न सक्ने छ ।

(३) जलचर, जैविक विविधता तथा जलीय जैविक विविधताका अवयवहरुको संरक्षण तथा दिगो उपयोग गर्नु प्रत्येक व्यक्ति, समूह, संस्था वा निकायको कर्तव्य हुने छ ।

(४) नदी वा ताल, सिमसारमा कुनै पनि किसिमबाट मिचाहा प्रकृति वा प्रजातिका जलीय जीव तथा जलचर नदी वा ताल, सिमसारमा निष्कासन वा विसर्जन हुन नदिनु प्रत्येक नागरिकको कर्तव्य हुने छ ।

(५) गाउँपालिकाले, तोकेको संरक्षित जलीय स्तनधारी जीव, घस्ने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलिय वनस्पति र जलचरको विशेष सुरक्षा, संरक्षण एवं संवर्धन गर्नु प्रत्येक नागरिकको कर्तव्य हुने छ ।

(६) गाउँपालिकाको अनुमति बेगर र मापदण्ड विपरीत हुने गरी सामुदायिक नदी र सामुदायिक तालबाट ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन, निकासन गर्नु हुँदैन ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १३ बमोजिम समुदायलाई हस्तान्तरण गरिएको वा सुम्पिएको सामुदायिक नदी क्षेत्र बाहेक नदीको अन्य क्षेत्र वा भागमा मात्र ढुङ्गा गिट्टी बालुवाको उत्खनन, निष्कासनको अनुमति दिन सक्ने छ ।

(८) नदी वा तालमा फोहोरको विसर्जन, फोहरबाट निस्केको दुषित पानी चुहावट (लिचेट), उत्सर्जन वा ढलको विसर्जन हुन नदिई नदी र ताल प्रदुषित हुनबाट बचाउनु प्रत्येक व्यक्ति, समूह, संस्था र निकायको कर्तव्य हुनेछ ।

११. **स्थानीय नदी वा तालमा कुनै व्यक्तिलाई हक प्राप्त नहुनेः** गाउँपालिकाबाट अनुमति, हक, छुट, सुविधा, पट्टा वा पूर्जी प्राप्त गरी वा अरु कुनै प्रकारले अधिकार प्राप्त गरेकोमा बाहेक कुनै व्यक्ति वा समूहलाई



गाउँपालिकाको क्षेत्रभित्रको नदी, नाला, तथा ताल तलैया, पोखरी र सिमसारमा कुनै किसिमको हक वा सहुलियत प्राप्त हुने छैन ।

१२. **हक हस्तान्तरण गर्न नहुनेः** कुनै व्यक्ति वा समूहले स्थानीय नदी वा तालमा आफूलाई पाएको अनुमति, हक छुट, सुविधा, सहुलियत, पट्टा वा पूर्जी अरु कसैलाई बिक्री गर्न, बन्धकीमा दिन, दान दिन वा सट्टापट्टा गर्न वा अन्य कुनै प्रकारले हक हस्तान्तरण गर्न हुँदैन । परिच्छेद ३ समुदायमा आधारित जलचर तथा जलीय जैविक विविधता संरक्षण सम्बन्धी व्यवस्था

## परिच्छेद ३

### समुदायमा आधारित जलचर तथा जलिय जैविक विविधता सम्बन्धी व्यवस्था

१३. **ताल वा नदी समुदायलाई सुम्पनेः** (१) कार्यपालिकाको निर्णय बमोजिम सामुदायिक जलचर संरक्षण समूहलाई विधान बमोजिम ताल वा नदीको कुनै निश्चित भाग वा क्षेत्रको विकास, संरक्षण, व्यवस्थापन, दिगो उपयोग गर्न तथा नेपाल कानूनले संरक्षित प्रजातिहरु बाहेकका जलीय जैविक विविधताका विभिन्न अवयवहरु, स्तनधारी जीव, घस्ने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलीय वनस्पति र जलचर समात्न, मार्न वा संकलन, बिक्री वितरण गर्न र अन्य माध्यमद्वारा प्राप्त लाभको समन्यायीक वितरण गर्न पाउने गरी ताल वा नदीको कुनै भाग सामुदायिक ताल वा नदीको रुपमा समूहलाई सुम्पन वा हस्तान्तरण गर्न सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि प्रमुख प्रशासकीय अधिकृतले समूहहरुलाई परिचालन गरी तोकिए बमोजिम सामुदायिक जलचर संरक्षण समूह गठन गर्न विधान तयार गर्न आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम सामुदायिक नदी वा ताल सुम्पदा वा हस्तान्तरण गर्दा प्रमुख प्रशासकीय अधिकृतले सामुदायिक नदी वा ताल हस्तान्तरणको प्रमाणपत्र दिनेछ ।

(४) गाउँपालिका अध्यक्ष, वडा अध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्य वा सम्बन्धित प्रमुख प्रशासकीय अधिकृतले उपदफा (१) बमोजिम सुम्पिइएको वा हस्तान्तरण गरिएको सामुदायिक नदी वा तालको अनुगमन तथा मूल्याङ्कन गर्नु पर्ने छ ।

१४. **सामुदायिक नदी र तालको निर्धारणः** (१) गाउँपालिकाले नदी वा तालको कुनै भाग वा क्षेत्र समूहलाई सामुदायिक नदी वा तालको रुपमा सुम्पदा वा हस्तान्तरण गर्दा गाउँ वस्तीबाट नदी वा तालको दूरीका साथै नदी वा ताल व्यवस्थापन गर्ने स्थानीय समूहहरुको चाहना, व्यवस्थापन क्षमता र परम्परागत उपभोग समेतलाई ध्यान दिनु पर्ने छ ।

(२) समूहको घरधुरी पहिचान देहायका आधारहरुको आधारमा गर्नु पर्ने छ ०ः

(क) नदीको सम्बन्धीत क्षेत्रमा आश्रित घरधुरी

(ख) नदीको सम्बन्धीत क्षेत्र परम्परागत रुपमा भोगचलन गर्दै आएका घरधुरी

(ग) नदीको उक्त क्षेत्र पायक पर्ने घरधुरी

(घ) समूहमा समावेश हुने चाहना भएका घरधुरी

(ङ) नदीको संरक्षण र व्यवस्थापनमा योगदान दिन सक्ने घरधुरी

(च) नदी व्यवस्थापनमा योगदान दिन सक्ने अन्य विकल्प नभएका टाढाका घरधुरी

(छ) समूहमा समावेश हुने चाहना भएका घरधुरी

१५. **सामुदायिक नदी वा ताल सुम्पने र जलचर संरक्षण समूहको गठन तथा दर्ता प्रकृयाः** (१) कुनै नदी क्षेत्र वा, ताललाई सामुदायिक नदी क्षेत्र वा तालको रुपमा व्यवस्थापन गर्न चाहने समुदायका सदस्यहरुले गाउँपालिकाको कार्यालयमा वडा समितिको सिफारिश समेत लिखित रुपमा निवेदन दिनु पर्ने छ ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएमा प्रमुख प्रशासकीय अधिकृतलेयथाशक्य चाँडो प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउन प्राविधिक कर्मचारीलाई सम्बन्धित क्षेत्रमा खटाउनु पर्ने छ ।

(३) उपदफा (२) बमोजिम गाउँपालिकाका कर्मचारीले सम्बन्धित वडा कार्यालय समेतको सहयोग लिई समूह गठन गर्न र त्यसको विधान तयार गर्न समुदायलाई सहयोग गर्नु पर्ने छ । समूहको विधानमा अन्य कुराहरुको अतिरिक्त दफा १६ मा उल्लिखत कुराहरुको सम्बन्धमा व्यवस्था गरिएको हुनु पर्ने छ ।

(४) उपदफा (३) बमोजिम तयार भएको विधानमा उल्लेख भए अनुरुप नदी वा तालको सामुदायिक नदी वा तालका रुपमा समुदायलाई सुम्पिनेभाग वा क्षेत्रमा अवस्थित घरधुरी सदस्य रहने गरी एक समूह गठन गरी,समूहको विधान सहित अनुसूची–१ बमोजिमको ढाँचामा गाउँ गाउँपालिकाको कार्यालयमा समूह दर्ता गराउन समूह भेला गराई उक्त भेलामा उपस्थित सम्पूण घरधुरी का एक एक ब्यक्तीको सहिछाप समेत दरखास्त दिनु पर्ने छ ।

(५) उपदफा (४) बमोजिमको दरखास्त दिने समूह त्यसको विधान अनुरुप गठन भएको देखिन आएमा कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो समूहलाई दर्ता गरी, यस ऐन तथा गाउँपालिकाले तोकी दिएको शर्तहरु पालन गर्न कबुलियत गराई अनुसूची– २ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्ने छ ।

१६. **समूहको विधानमा रहनु पर्ने कुराहरुः** समूहले देहायका कुराहरु समावेश गरी सामुदायिक जलचर संरक्षण समूहको विधान तयार गर्नु पर्ने छः

(क) समूहको नाम, ठेगाना, समूहको उद्देस्य तथा कार्यहरु, सामुदायिक नदीक्षेत्र वा ताल व्यवस्थापनको उद्देश्य;

(ख) प्रस्तावित सामुदायिक नदीक्षेत्र वा तालको विवरण–नाम; सिमाना, क्षेत्रफल, गाउँ र वार्ड नम्बर, नदीक्षेत्र वा तालको अवस्था र किसिम,

(ग) सामुदायिक नदीक्षेत्र वा तालको नक्सा, नदीको क्षेत्र वा भाग विभाजन र यसको विवरण– सिमाना, क्षेत्रफल, माछा लगायत अन्य जलचरको किसिम, मुख्य जात एवं प्रजाति, उपयोगी जात र प्रजाति, तथा प्राकृतिक पुनरुत्पादनको स्थिति,



(घ) समूहलाई हस्तान्तरण हुने वा सुम्पिने सामुदायिक नदी क्षेत्र वा ताल क्षेत्रभित्र रहने समूहका सदस्यको घरधुरी क्षेत्रभित्र रहने घरधुरी संख्या, सदस्यहरुको नाम, थर र वतन, पारिवारीक विवरण महिला, पुरुष संख्या,

(ङ) जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलीय वनस्पति र जलचर जलीय जैविक विविधताका विभिन्न अवयवहरु, जलीय जैविक विविधताको संरक्षण सम्बन्धी प्रावधान र सम्बद्र्धनका अन्य कार्यहरु,

(च) ओत तथा अन्य जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलचरको प्रजनन क्षेत्र, माछाका भुराहुरु खेल्ने र हुर्कने ठाउँ, भाग, त्यस्ता क्षेत्रको विवरण र संरक्षण तथा व्यवस्थापनको तरिकाको विवरण,

(छ) प्रस्तावित सामुदायिक नदीक्षेत्र, खोलानाला, गहीरो,रह क्षेत्र, ताल, तलैया, दह, सीमसारको कुन कुन क्षेत्रमा वर्षभरी जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलीय वनस्पति र जलचर समात्न वा मार्न प्रतिबन्ध लगाउने हो त्यस्ता क्षेत्रको विवरण,

(ज) दुर्लभ, संकटासन्न, र संकटापन्न प्रजातिका माछा तथा अन्य जलचरहरुको संरक्षण सम्बन्धी प्रावधान,

(झ) जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलीय वनस्पति र जलचरको पारिस्थितिक प्रणलीमा प्रतिकूल असर नपर्ने गरी रुपमा संकलन गर्ने कार्य र दोहन नियन्त्रण गर्न अपनाइने तरिकाहरु,

(ञ) एक वर्षमा कुन कुन महिनामा र कुन कुन क्षेत्रमा नेपाल कानूनले वा गाउँपालिकाले सुरक्षित तोकेका प्रजातिहरु बाहेकका जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलचर संकलन गर्ने हो सो को विवरण,

(ट) हेरालु सम्बन्धी व्यवस्था र माछा तथा जलचरको अनियमित वा गैर कानूनी रुपमा संकलन कार्यको रोकथाम तथा नियन्त्रण सम्बन्धी समुदायमा आधारित व्यवस्था

(ठ) माछा र अन्य जलचरको बिक्री वितरण र जलीय जैविक विविधता मैत्री उद्यम वा पर्यटन एवं अन्य स्रोतबाट प्राप्त हुने आम्दानीको उपयोग सम्बन्धी व्यवस्था,

(ड) प्रस्तावित सामुदायिक नदीक्षेत्र वा तालमा एकल महिला, अपाङ्ग, दलित, आदिवासी जनजाति, मधेशी र विपन्नका लागि समन्यायिक पहुँच, दिगो उपयोग र समन्यायिक लाभको बाँडफाँट सम्बन्धी प्रावधान,

(ढ) एकल महिला, दलित, आदिवासी जनजाति, मधेशी र विपन्न घरधुरीलाई प्रदान गरिने विशेष सुविधा, सहुलियत र प्रतिफलको विवरण,

(ण) समूहको सदस्यता, सदस्यता प्राप्ति सम्बन्धी व्यवस्था तथा शुल्क, सदस्य समाप्ति सम्बन्धी व्यवस्था,

(त) समूहको सदस्यता प्रदान गर्दा जलचरमा आश्रित समुदायलाई प्राथमिकता दिने सम्बन्धी व्यवस्था,

(थ) साधारणसभा तथा विशेष साधारण सभा, साधारण सभाको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था,

(द) कार्य समितिको गठन, कार्य समितिका अध्यक्ष पदहरुमा महिलाको प्रतिनिधित्व सुनिश्चत गर्ने सम्बन्धी व्यवस्था,

(ध) कार्य समितिको काम, कर्तव्य र अधिकार, पदाधिकारीहरुको काम, कर्तव्य तथा अधिकार,

(न) कार्य समितिका पदाधिकारी वा सदस्यको जिम्मेवारी समाप्त हुने अवस्था,

(प) दफा ३२ बमोजिम सदस्यहरुलाई हुन सक्ने सजाय सम्बन्धी व्यवस्था,

(फ) विधान विपरित काम गर्ने समूहका सदस्यहरुलाई दिईने सजायहरु र समूहका सदस्यहरुलाई सजाय दिंदा पूरा गर्नु पर्ने कार्यविधि,

(ब) गाउँपालिकाले तोकेका अन्य विषयवस्तुहरु ।

१७. **समानुपातिक समावेशिता तथा समन्याय कायम गर्नु पर्ने:** (१) समूहका सदस्यमा कम्तिमा एकाउन्न प्रतिशत महिला, दलित, आदिवासी जनजाति, मधेशी, धार्मिक अल्पसंख्यक तथा विपन्न वर्गका सदस्य हुनु पर्ने छ ।

(२) कार्य समितिका सदस्य मध्ये कम्तिमा चार सदस्य महिला, दलित वा जनजाति समुदायबाट हुनुपर्ने छ ।

(३) कार्य समितिको अध्यक्ष, सचिव, र कोषाध्यक्ष पद मध्ये कुनै २ प्रमुख पद पदमा महिलाको प्रतिनिधित्व हुनु पर्ने छ ।

(४) समूहले महिला, दलित, आदिवासी जनजाति, मधेशी, धार्मिक अल्पसंख्यक तथा विपन्न सदस्यलाई अन्य सदस्यको तुलनामा जलीय श्रोत र जलचरमा समन्यायिक पहुँच र वितरण सुनिश्चित गर्नका लागि समूहका महिला, दलित, आदिवासी जनजाति, मुस्लिम, मधेशी तथा विपन्न सदस्यलाई जलीय श्रोत र जलचरमा अन्य सदस्य भन्दा कम्तिमा पचास प्रतिशत बढी पहुँच र सो को ब्यवस्थापनबाट प्राप्त लाभकोचालिस प्रतिशत बढी वितरण गर्नु पर्ने छ ।

स्पष्टीकरणः उपदफा (४) को प्रयोजनको लागि "समन्यायिक पहुच तथा वितरण" भन्नाले समूहका सदस्यहरुलाई एक हप्तामा एक दिन माछा समात वा मार्न दिने हो भने महिला, दलित, आदिवासी जनजाति, मुस्लिम, मधेशी तथा विपन्न सदस्यलाई दुई हप्तामा तिन पटक माछा संकलन गर्न वा मार्न दिने सम्झनु पर्छ । समूहले वितरण गर्ने लाभको सम्बन्धमा समेत सोही अनुरुप समन्यायिक वितरणको व्यवस्था गर्नुपर्ने समेत सम्झनु पर्छ ।



१८. **सामुदायिक जलचर संरक्षण समूह संगठित संस्था हुने:** (१) सामुदायिक जलचर संरक्षण समूह अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) समूहको आफ्नो एउटा छुट्टै छाप हुने छ ।

(३) समूहले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा अन्य किसिमले बन्दोवस्त गर्न सक्ने छ ।

(४) समूहले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्ने छ ।

१९. **प्रतिवेदन दिनु पर्ने:** (१) समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र तोकिए बमोजिम आर्थिक विवरण तथा सम्बन्धित समूहलाई सुम्पिएकोसामुदायिक नदी वा तालको स्थिति समेत खुलाई समूहलेआफ्नो क्रियाकलापको साधारण सभाबाट पारित वार्षिक प्रगति प्रतिवेदन र आगामी वर्षको कार्ययोजना गाउँ गाउँपालिकाको कार्यालय समक्ष पेश गर्नु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम प्राप्त वार्षिक प्रतिवेदन र कार्ययोजनाको आधारमा गाउँपालिकाको कार्यालयले सम्बन्धित समूहलाई आवश्यक सुझाव दिन सक्नेछ ।

२०. **समूहको कोष:** (१) समूहको आफ्नो एउटा छुट्टै कोष हुने छ ।

(२) कोषमा देहायका रकमहरु जम्मा गरिने छ ।

(क) सदस्यता शुल्क बाट प्रप्त रकम,

(ख) माछा तथा अन्य जलचरको बिक्री वितरणबाट प्राप्त रकम,

(ग) जलचर र जलीय जैविक विविधतामैत्री उद्यम वा पर्यापर्यटन कार्यक्रम संचालनबाट प्राप्त रकम,

(घ) गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(ङ) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(च) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(छ) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्यको रकम वा पुरस्कार,

(ज) जरिबानाबाट प्राप्त रकम,

(झ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) समूहको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) समूहले जलीय जैविक विविधता एवं सामुदायिक नदी वा तालको विकासको निम्ति खर्च गरी कोषमा बाँकी रहेको रकम साधारण सभाको निर्णय बमोजिम अन्य सार्वजनिक हितको कार्यमा खर्च गर्न सक्ने छ ।

२१. **समूहको कोषको संचालनः** (१) समूहको कोष र खाता कोषाध्यक्ष एवं कार्य समितिले तोकेको एकजना पदाधिकारीको संयुक्त दस्तखतबाट संचालन हुने छ ।

(२) समूहको कोषाध्यक्ष पदमा महिला निर्वाचित नभएको अवस्थामा, उपदफा १ बमोजिम कार्य समितिले एक जना पदाधीकारी तोक्दा महीला पदाधीकारीलाई तोक्नु पर्ने छ ।

(३) समूहको कोषको ब्यवस्थापन र खाताको संचालनका लागि गाउँपालिकाले तालिमको ब्यवस्था गर्न सक्ने छ ।

(४) समूहको आम्दानी र खर्चको बार्षिक लेखापरीक्षण समूहको साधारण सभाले तोकेको लेखापरीक्षकबाट हुने छ ।

(५) उपदफा (४) बमोजिमको लेखापरीक्षणं समूहले आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र गराई लेखापरीक्षण प्रतिवेदनको एक प्रति गाउँपालिकामा पेश गर्नु पर्ने छ ।

(६) प्रमुख प्रशासकीय अधिकृतले खटाएको कर्मचारीले समूहले राखेको आम्दानी र खर्चको लेखा समय समयमा जाँचबुझ गर्न सक्ने छ ।

(७) कोषको सञ्चालन सम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुने छ ।

२२. **सामुदायिक नदी वा तालको लगत राख्नेः** प्रमुख प्रशासकीय अधिकृतले समूहलाई सामुदायिक नदी वा तालको व्यवस्थापन सुम्पिएपछि सोको लगत आफ्नो कार्यालयमा राख्नु पर्ने छ ।

२३. **माछा लगायत जलचरको तथ्यांक राख्ने** (१) गाउँपालिकाले गाउँपालिका क्षेत्रभित्रको नदी, खोलानाला, ताल तलैया, सीमसारमा पाईने जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलचरको विशेषज्ञ मार्फत स्थानीय जानिफकार समेतको संग्लनतामा सर्वेक्षण गराई लगत अभिलेख आफ्नो कार्यालयमा राख्नु पर्ने छ ।

(२) उपदफा (१) बोजिम गाउँपालिकाले राख्ने लगत गाउँपालिकाले प्रत्येक तीन बर्षमा अध्यावधिक गर्नुपर्ने छ ।

२४. **स्वामित्व हस्तान्तरण नहुनेः** यस ऐनको दफा १३ बमोजिम कुनै नदी क्षेत्र वा ताल गाउँपालिकाले समूहलाई सामुदायिक नदी वा तालको रुपमा व्यवस्थापन गर्ने काम समूहलाई सुम्पिएकोकारणले मात्र नदी वा तालकोस्वामित्व कुनै पनि समूहलाई हस्तान्तरण हुने छैन ।

२५ **सामुदायिक नदी वा तालमा गर्न नहुने कामः** (१) समूहले सामुदायिक नदी वा तालमा विधानले निषेध गरेका कार्यको अतिरिक्त देहायको कुनै कार्य समेत गर्नु गराउनु हुदैन ०:-



(क) नदी वा ताल र माछा लगायत अन्य जलचर मात्र, सामुदायिक नदी वा तालले चर्चेको जगा धितो बन्धकी राख्न वा अरु कुनै किसिमले हस्तान्तरण गर्न,

(ख) जलचर संरक्षण ऐन, २०१७ विपरित जलचर पक्रन वा मार्न वा अन्य कार्य गर्न,

(ग) प्रचलित कानून विपरित वन्यजन्तु पक्रन वा मार्न,

(घ) नदीको सनातन बहावको धार परिवर्तन गर्न,

(ङ) भू-क्षय हुने कुनै काम गर्न,

(च) गाउँपालिकाको अनुमति बेगर माटो, ढुंगा, गिट्टी, बालुवा आदि निकाल्न वा ओसार पसार गर्न,

(छ) जलीय जैविक विविधताको बासस्थान, खाद्य चक्र र जलीय जैविक विविधतामा ह्रास आउने अन्य कुनै काम गर्न,

(ज) तोकिए बमोजिमका अन्य कार्यहरु ।

२६. **जलचरको संकलन तथा बिक्री वितरणः** (१) समूहले विधानमा ब्यवस्था भए बमोजिम मात्र माछा र अन्य जलचर संकलन तथा बिक्री वितरण गर्नु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम माछा लगायत अन्य जलचर संकलन गर्ने कार्यका साथ साथै उक्त नदीक्षेत्र वा ताल क्षेत्रमा समूहले संरक्षण, पुनरुत्थान, र स्तरोन्नतीका कार्य समेत गर्नु पर्ने छ ।

२७. **सदस्यता शुल्क तथा सेवा शुल्क निर्धारण गर्दा ध्यान दिनुपर्नेः** (१) सदस्यता शुल्क निर्धारण गर्दा समूहका एकल महिला, दलित, आदीबासी जनजाती तथा विपन्न सदस्यले बेहोर्न सक्ने मनासिब रकम मात्र तोक्नुपर्ने छ ।

(२) समूहले सेवा शुल्क निर्धारण गर्दा समूहका सदस्यले माछा संकलन गर्दा प्रत्येक सदस्यले संकलन गरेको माछाको बजार मूल्यको कम्तीमा २ प्रतिशत र बढीमा ५ प्रतिशतसम्म सेवा शुल्क निर्धारण गर्न पर्ने छ ।

(३) उपदफा (२) बमोजिम निर्धारण गरेको सेवा शुल्क प्रत्येक सदस्यले भुक्तान गरेपछि मात्र निजले संकलन गरेको माछा बिक्री वितरण गर्न सक्ने छ ।

२८. **विधानमा संशोधनः** (१) समूहले सामुदायिक जलचर व्यवस्थापन सम्बन्धी विधानमा समूहको साधारण सभाको दुई तिहाई बहुमतको निर्णय बमोजिम आवश्यकता अनुसार समयानुकूल संशोधन गर्न सक्ने छ र त्यस्तो संशोधन प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भएपछि मात्र लागू हुने छ ।

(२) उपदफा (१) बमोजिम समूहले विधानमा गरेको संशोधनले नदी वा ताल तथा जलचर वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने देखिएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संशोधनको जानकारी प्राप्त भएको तीस दिनभित्र समूहलाई सो संशोधन लागू नगर्न निर्देशन दिन सक्ने छ र त्यस्तो निर्देशनको पालना गर्नु समूहको कर्तव्य हुने छ ।

२९. **नविकरण गराउनु पर्नेः** (१) समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र गाउँपालिकाको कार्यालयमा समूहको नविकरण गराउनु पर्नेछ ।

३०. **सामुदायिक नदी वा ताल फिर्ता लिन सकिनेः** (१) दफा १३ बमोजिम सुम्पिएको सामुदायिक नदी वा तालमा समूहले विधान बमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा नदी वा ताल तथा जलचर, जलीय जैविक विविधता वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम पालन गर्नु पर्ने शर्तहरु पालना गाउँपालिकाले त्यस्तो समूहको दर्ता खारेज गर्न र त्यस्तो सामुदायिक नदी वा ताल फिर्ता लिन सक्ने छ ।

(२) उपदफा (१) बमोजिम समूहको दर्ता खारेज गरी सामुदायिक नदी वा ताल फिर्ता लिने निर्णय गर्नु अघि त्यस्तो समूहलाई आफ्नो सफाई पेश गर्ने मौका दिइनेछ ।

(३) उपदफा (२) बमोजिम सफाई पेश गरेमा सफाई सन्तोषजनक पाइएका समूहका पदाधिकारीलाई भविष्यमा यस ऐन, नियम, प्रचलित ऐन कानून र समूहको विधानको पूर्णतः पालना गर्ने कागज गराई समूहकोदर्ता खारेज गर्ने प्रक्रिया अन्त्य गरिने छ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि समूहको कार्यकारी समितिका पदाधिकारी वा सदस्यहरुले समूहको हितको नाममा वा अन्य कुनै कारणले यस ऐन, यस ऐन अन्रतर्गत बनेको नियमायली वा समूहको विधान विपरित कुनै काम कारबाही गरेको भनी समूहको वा अरु कसैको उजूरी परेमा त्यस्ता पदाधिकारीलाई र सदस्यलाई यस ऐनमा व्यवस्था भएको जरिवानामा २५ प्रतिशत थप जरिवाना बमोजिम हुने छ ।

(५) उपदफा (३) बमोजिम कागज गराई सामुदायिक जलचर संरक्षण समूहको संरक्षण, व्यवस्थापन गर्न समूहलाई निरन्तरता प्रदान गरेकोमा सो समूहले पुनः उपदफा (१) मा उल्लेख भएका क्रियाकलाप गरेमा गाउँपालिकाले निर्णय गरी समूहको दर्ता खारेज र सामुदायिक नदी वा ताल फिर्ता लिन सक्ने छ ।

(६) उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि समूहका पदाधिकारीहरुले समूहको हितको नाममा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम विपरित कुनै काम कारबाही गरेमा निजहरुलाई यस ऐन बमोजिम सजाय गर्न बाधा पुर्‍याएको मानिने छैन।

३१. **सामुदायिक नदी तथा ताल पुनः सुम्पन सकिनेः** दफा ३१ को उपदफा (५) बमोजिम फिर्ता लिएको सामुदायिक नदी, नाला, ताल तथा तलैया दफा ४२ बमोजिम तत्सम्बन्धी निर्णय बदर भएमा कार्यपालिकालेसाविककैसमूहलाई पुनः सुम्पन सक्ने छ ।

३२. **विधान विपरित काम गर्नेलाई दण्ड जरिवानाः** (१) सामुदायिक नदी वा तालमा कुनै सदस्यले विधान विपरित हुने कुनै काम गरेमा निजलाई सम्बन्धित समूहले उपयुक्त नसिहत दिन वा जरीवाना गर्न सक्नेछ र कुनै हानी नोक्सानी भएकोमा बिगो समेत असुल उपर गर्न सक्ने छ ।

(२) समूहको सदस्य नभएको व्यक्तिले यस ऐन वा विधान विपरित कुनै कार्य गरेमा त्यस्तो व्यक्तिलाई यस ऐन बमोजिमको जरिवानाका अतिरिक्त समूहको-कार्य समितिको निर्णय बमोजिम निर्धारण गरेको जरिवाना समेत हुने छ ।



३३. **जलीय जैविक विविधता, सामुदायिक नदी वा ताल संरक्षणको लागि खर्च गर्नु पर्नेः** समूहले विधान बमोजिम आर्जन गरेको आयबाट कम्तीमा पैंतीस प्रतिशत रकम सामुदायिक नदी वा तालको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गर्नु पर्ने छ र बाँकी रकम समूहको हितको लागि विकास एवं जीविकोपार्जन सम्बन्धी कार्यमा खर्च गर्न सक्ने छ ।

३४. **सामुदायिक नदी वा तालमा कार्यक्रम सञ्चालन गर्न सक्नेः** साधार सभाको निर्णय बमोजिम समूहले गाउँपालिकाको पूर्व अनुमति लिई विधानको अधिनमा रही जलचर र जलीय जैविक विविधता मैत्री उद्यम तथा पर्यापर्यटन कार्यक्रम सामुदायिक नदी वा तालमा सञ्चालन गर्न सक्ने छ । परिच्छेद-४ कसुर तथा जरिवाना ।

## परिच्छेदः ४

## कसुर तथा जरिवाना

३५. **कसुरः** कसैले देहायको कुनै कार्य गरेमा यस ऐन बमोजिम कसुर गरेको मानिनेछः–

(क) कुनै व्यक्तिले पनि कुनै जलमा रहेको कुनै जलचरलाई समाने तथा मार्ने अभिप्रायले जानी जानी त्यस्तो जलमा वा त्यसको आसपासमा कुनै किसिमको विद्युतीय धार (करेण्ट), विष्फोट पदार्थ, विषालु पदार्थको प्रयोग गर्ने, घन ठोक्नु तथा बहाव परिवर्तन ।

(ख) तिला नदीमा माछा र जलचर समाते अभिप्रायले जालको आँखाको साइज दुई दशमलव पाँच सेन्टिमिटर (पचीस मिलिमिटर) भन्दा सानो प्वाल भएको र पाँच सेन्टिमिटर (पचास मिलिमिटर) ठूलो प्वाल को जाल, माहाजाल, र करेण्ट जाल जस्ता जाल प्रयोग गर्ने गरेमा,

(ग) तिला नदी बाहेक अन्य नदिनाला वा खोलामा जलचर समाउने वा मार्ने अभिप्रायले जालको प्रयोग गर्दा जालको आँखाको साइज एक दशमलव पाँच सेन्टिमिटर (पन्ध्र मिलिमिटर) भन्दा सानो आँखाको साइज र पाँच सेन्टिमिटर (पचास मिलिमिटर) वा सो भन्दा ठूलो आँखाको साइज भएको जाल, माहाजाल, र करेण्ट जाल (गिल नेट) प्रयोग गर्ने,

(घ) कसैले पनि जलचर समात वा मार्नका लागि जालको आँखाको साइज एक दशमलव पाँच सेन्टिमिटर (पन्ध्र मिलिमिटर) भन्दा सानो प्वाल भएको र पाँच सेन्टिमिटर (पचास मिलिमिटर) को जाल, माहाजाल, करेण्ट जाल पैठारी वा खरिद बिक्री गर्ने गरेमा,

(ङ) अधिकार प्राप्त व्यक्ति बाहेक अरु कसैले पनि जलचरको संरक्षणको लागि नदी वा तालमा रहेको मत्स्य भण्डार, बाँध तथा अन्य कुनै किसिमको संरचनाकोढोकाहरुलाई धुनेमा वा भत्काएमा,

(च) तोकिएका जातिका जलचरहरुलाई गाउँपालिकाको इजाजतपत्र बेगर कुनै पनि व्यक्तिले जानी जानी समात, मार्न तथा चोट पुर्‍याउने कार्य गरेमा,

(छ) गाउँपालिकाले स्थानीय राजपत्रमा प्रकाशित आदेशद्वारा सोही आदेशमा तोकिएका ठाउँको सामुदायिक नदी वा तालमा गाउँपालिकाको इजाजत बेगर कुनै पनि व्यक्तिले जानी जानी जलचरहरु समात, मार्न तथा चोट पुर्‍याउन नपाउने गरी जारी गरेको सूचनाको उल्लंघन गरेमा,

(ञ) दफा ५ बमोजिम बाँध सञ्चालन गर्ने निकायले नदी वा तालको न्यूनतम प्रवाहको पन्ध्र देखि पच्चीस प्रतिशत न्यूनतम वातावरणी बहाव कायम गरेमा,

(झ) कुनै व्यक्ति, संस्था वा निकायले फोहरमैला वा दूषित पानी (लिचेट) वा ढल नदी वा तालमा चुहावट वा उत्सर्जन गरी नदी वा ताल प्रदूषित गरेमा,

(ञ) ताल तलैया पोखरीमा पालेको स्थानीय जातको वा अन्य मुलुकबाट आयातित माछा, झिङ्गे माछा, शंखे किरा, कछुवा लगायत अन्य जलचर नदी, खोलानाला वा सार्वजनिक ताल, तलैया, पोखरी, दह वा सीमसारमा छाडेमा वा निष्कासन गरेमा,

(ट) गाउँपालिकाले तोकेको संरक्षित जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलिय वनस्पति र अन्य जलचरलाई समातेमा, मारेमा, चोट पुर्‍याएमा वा क्षति पुर्‍याएमा ।

३६. **जरिवाना:** (१) दफा ३५ को खण्ड (क) बमोजिमको कसूर गर्नेलाई गाउँपालिकालेपहिलो पटक भए सात हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयैयाँसम्म जरिवाना, दोस्रो पटक सोही कसूर गरेमा बीस हजार रुपैयाँ र तेस्रो वा सोभन्दा बढीपटक सोही कसूर गरेमा प्रत्येक पटकको लागि तीस हजार रुपैयाँका दरले जरिबाना गर्नेछ ।

(२) दफा ३५ को खण्ड (ख),(ग), (घ) र (च) बमोजिमको कसूर गर्नेलाई एक हजार रुपैया देखि पाँच हजार रुपैयाँसम्म जरिबाना, दोस्रो पटक सोही कसूर गरेमा पाँच हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिबाना र सोही कसूर तेस्रो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पन्ध्र हजार रुपैयाँ जरिबाना गर्नेछ ।

(३) दफा ३५ को खण्ड (ङ) बमोजिमको कसूर गर्नेलाई एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना गर्ने छ ।

(४) दफा ३५ को खण्ड (छ) र बमोजिमको कसूर गर्नेलाई पहिलो पटक भए एक हजार देखि तीन हजार रुपैयाँसम्म जरिबाना, दोस्रो पटक सोही कसूर गरेमा तीन हजार रुपैयाँदेखि छ हजार रुपैयाँसम्म जरिबाना र सोही कसूर तेस्रो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि नौ हजार रुपैयाँदेखि पन्ध हजार रुपैयाँसम्म जरिबाना गर्ने छ ।

(५) दफा ३५ को खण्ड (ज) बमोजिमको कसूर गर्नेलाई पहिलो पटक एक लाख, दोश्रो पटक तीन लाख, तेश्रो पटक नौ लाख र चौथो पटक समेत सो कसुर गरेमा उद्योगको अनुमति पत्र वा कम्पनीको दर्ता खारेज गर्न प्रदेश र संघीय सरकारसँग पहल गर्ने ।

(६) दफा ३५ को खण्ड (झ) बमोजिमको कसूर गर्नेलाई पहिलो पटक एक हजार, दोश्रो पटक दुई हजार, तेश्रो पटक चार हजार र सोही कसूर चौथो वा सोभन्दा बढी पटक गरेमा गरेमा प्रत्येक पटकको लागि आठ हजार रुपैयाँका दरले जरिबाना हुने छ ।



(७) दफा ३५ को खण्ड (ञ) बमोजिमको कसूर गर्नेलाई पहिलो पटक दुई हजार, दोश्रो पटक तीन हजार, तेश्रो पटक पाँच हजार र सोही कसूर चौथो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि दश हजार रुपैयाँका दरले जरिबाना गर्ने छ ।

(८) दफा ३५ को खण्ड (ट) बमोजिमको कसूर गर्नेलाई पहिलो पटक पाँच हजार, दोश्रो पटक दश हजार, तेश्रो पटक बीस हजार र सोही कसूर चौथो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पचीस हजार रुपैयाँका दरले जरिबाना गर्ने छ ।

३७. **पुरस्कार दिने:** (१) यस ऐन विपरित कसूर हुन लागेको सुराक दिने वा अभियुक्त पक्राउ गर्न सहयोग गर्नेलाई कसुरदारलाई हुने जरिबानाको पैंतीस प्रतिशत पुरस्कार स्वरुप प्रदान गरिने छ ।

(२) उपदफा (१) को बमोजिमको सुराकीको नाम, थर, वतन गोप्य रहने छ ।

३८. **अनुसन्धान अधिकृत तोक्ने:** यस ऐन बमोजिम सजाय हुने कसूरको अनुसन्धान गर्न गाउँपालिकाले कुनै अधिकृतस्तरको कर्मचारीलाई अनुसन्धान अधिकृतको रुपमा तोक्न सक्ने छ ।

३९. **कारवाही चलाउने तथा दण्ड जरिवाना गर्ने अधिकारी:** (१) यस ऐन बमोजिम दण्ड जरिवाना गर्ने अधिकार स्थानीय गाउँपालिकालाई हुने छ ।

(२) यस ऐन बमोजिम कारवाही तथा दण्ड जरिवाना हुने मुद्दा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले सम्बन्धित जिल्ला सरकारी वकिलकोकार्यालयको परामर्श तथा सहयोग लिन सक्ने छ ।

४०. **प्रचलित कानून बमोजिम सजाय हुने:** यस ऐन अन्तगत कसुर मानिने कुनै कार्य अन्य प्रचलित कानुन बमोजिम समेत कसुर हुने रहेछ भने त्यस्तो कसुरमा प्रचलति कानून बमोजिम मुद्दा चलाई कारवाही गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुर्‍याएको मानिने छैन ।

४१. **पुनरावेदन दिन सकिने:** दफा २९ बमोजिम गाउँपालिकाको निर्णय उपर चित्त नबुझे वा दफा ३५ बमोजिम गरेको सजायको आदेश उपर चित्त नबुझ्नेव्यक्तिले त्यस्तो आदेश भएको मितिले पैतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्ने छ ।

४२. **जलचर र तत्सम्बन्धी औजार, माल वस्तु कब्जा गर्न सक्ने:** (१) कुनै माछा वा अन्य जलचर सम्बन्धमा यो ऐन उल्लङ्घन भएको छ भन्ने भरपर्दो कारण देखिएमा त्यस्तो माछा र अन्य जलचर र कसूरसँग सम्बन्धित औजार वा हतियारलाई गाउँपालिकाका कर्मचारी वा प्रहरीले कब्जा गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम कब्जा गर्ने कर्मचारीले सो कब्जा गरिएको औजार, माल वस्तुको विवरण खोली कसूरसँग सम्बन्धित व्यक्तिलाई सोको भरपाई दिई त्यस्तो मालमा खास चिन्ह लगाई नाप जाँच गरी सकभर चाँडो वडा कार्यालय वा गाउँपालिका कार्यालयमा प्रतिवेदन र औजार पेश गर्नु पर्ने छ ।

(३) उपदफा (१) बमोजिम कब्जा गरिएकोऔजार, हतियार, माल वस्तु, इत्यादि न्यायीक समितिको आदेश उपर पुनराबेदन गरेमा पुनराबेदनको म्याद सकिए पछि र पुराबेदन परेको अवस्थामा जिल्ला अदालतको फैसला अनुरुप नष्ट गर्नु पर्ने छ ।

## परिच्छेद ५
## विविध

४३. **अधिकार प्रत्यायोजनः** गाउँपालिकाले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार कुनै सदस्य, कार्यालय, कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने छ ।

४४. **प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुने छ ।

४५. **नियमावली वनाउन सक्नेः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियमावली, निर्देशिका, कार्यविधि बनाउन सक्ने छ ।

४६. **बचाउः** यस ऐनको उद्देश्य तथा विषय क्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरू यसै ऐन वमोजिम भएको मानिनेछ ।



अनुसूची -१

(दफा १५ को उपदफा (४) सँग सम्बन्धित)

सामुदायिक जलचर संरक्षण समूहको दर्ताको लागि दिइने निवेदन

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू

तिला गाउँकार्यपालिकाको कार्यालय, डुण्डेली जुम्ला ।

बिषय–जलचर संरक्षण समूह दर्तागर्नेसम्बन्धमा ।

जलचर एवं जलीय जैविक विविधता संरक्षण ऐन, २०७६ को व्यवस्था बमोजिम सामुदायिक जलचर संरक्षण समूहको गठन गरी उक्त समूह दर्ता गरी पाउन सोको विधान संलग्न गरी पेश गरेका छौं । समूहको दर्ता गरी आवश्यक प्राविधिक तथा अन्य सहयोग समेत प्रदान गर्नुहुन अनुरोध गर्दछौं ।

निवेदक ...............

समूहको नामः

पदः

दस्तखतः

मिति

अनुसूची –२

(दफा १५ को उपदफा (५) सँग सम्बन्धित) समूह दर्ताको प्रमाणपत्रको नमूना

तिला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय डुण्डेली जुम्ला

दर्ता नं.–

मितिः–

समूह दर्ताको प्रमाणपत्र श्री.......................................सामुदायिक जलचर संरक्षण समूह

.......................................................................। यस गाउँपालिकाको मिति........................ को निर्णय अनुसार जलचर एवं जलीय जैविक विविधता संरक्षण ऐन, २०७६ ले दिएको अधिकार प्रयोग गरी ............ ............ ...... .....सामुदायिक जलचर संरक्षण समूहलाई दर्ता गरी जलचर र जलीय जैविक विविधताको संरक्षण, दीगो उपयोग र सोबाट प्राप्त लाभको समन्यायीक वितरण गर्न सफलता मिलोस भन्ने शुभकामनाकासाथ यो प्रमाणपत्र दिइएको छ । पालना गर्नुपर्ने विशेष शर्तहरुः

१. ..............................सामुदायिक जलचर संरक्षण समूहको विवरणः

२. सामुदायिक जलचर संरक्षण समूहको क्षेत्र घर धुरीको संख्याः–

३. कूल जनसंख्याः– द्रष्टव्यः– यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन एक सय रुपैयाँ दस्तुर लाग्नेछ ।

आज्ञाले,

नामः मीन बहादुर रावल

पद : प्रमुख प्रशासकीय अधिकृत